# आर्थिक वर्ष २०७५/७६ को नीति, कार्यक्रम तथा बजेट

# जिरी नगरपालिका

## दोलखा जिल्ला

प्रदेश नं ३, नेपाल

जिरी नगरपालिका

२०७५/७६

**खण्ड१**-परिचय र समिक्षा

१.१ पृष्ठभुमी

१.२ चालु आ.व.०७४/७५ को नीति तथा कार्यक्रमको समिक्षा

**खण्ड२**-आगामि आ.व.२०७५/७६ को नीतितथा कार्यक्रम र बजेट

२.१ लक्ष्य, उद्देश्य र प्राथमिकता

२.१.१. उद्देश्य

२.२.२ प्राथमिकता

२.२ वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख क्षेत्रगतनीतिहरु

२.२.१ क्षेत्रगत नीति

(क) आर्थिक विकास सम्बन्धि

(ख) संस्थागत विकास र सेवा प्रबाह सम्बन्धि

(ग) सामाजिक विकास सम्बन्धि

(घ) वित्तीय व्यवस्थापन तथा सुशासन सम्बन्धि

(ङ) पूर्वाधार विकास सम्बन्धि

(च) वातावरण तथा विपद व्यवस्थापन

२.३ नगरका गौरवका योजना तथा महत्वपुर्ण योजनाहरु

२.४ अनुमानित व्यय र स्रोत व्यवस्थापन र प्रस्तावित कार्यक्रमहरु

अनुसूची १ आय व्ययको विवरण (सारांश)

अनुसूची २ राजश्व तथा अनुदान प्राप्तीको अनुमान

अनुसूची ३ खर्च शिर्षकगत व्यय अनुमान

अनुसूची ४ वडास्तरिय कार्यक्रमहरु

अनुसूची ५ वडा तथा नगरस्तरिय कार्यक्रमहरुको क्षेत्रगत बजेट बाँडफाँड

यस नगरसभाका अध्यक्ष महोदय

नगरसभाका सदस्यज्यूहरु,

जिरी नगरको नगर-उपप्रमुखको हैसियतले दोस्रो नगरसभालाई सम्वोधन गर्दै आर्थिक वर्ष २०७५/ २०७६ मा नगरले अबलम्बन गर्ने प्रमुख नीति तथा कार्यक्रम रबजेट प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वित भएको छु ।यस गरिमामय सभामा नेपाल र नेपालीको स्वतन्त्रता तथा समृद्धिकालागि आफ्नो जीवन उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धान्जली ज्ञापनगर्न चाहन्छु । यसैगरि राष्ट्रिय जीवनमा अहं भूमिका खेल्नुहुने सम्पूर्ण शिखर व्यक्तित्वप्रति समेत हार्दिक सम्मान प्रकट गर्दछु ।
नेपालको उन्नति र प्रगति तथा समृद्धिका लागि नेपाली जनताको त्याग, वलिदान र लामो संघर्षको उपलब्धी स्वरुप हाम्रो मुलुकमा स्थानीय सरकार गठन भएको हो । यस्तो स्थानीय सरकारको रुपमा रहेको जिरी नगरसरकार जनताको सेवा, सुरक्षा, समृद्धि र सुखकोलागि सदैव अडिग रहने छ ।
नेपालको हिमाली नगरपालिकाको रुपमा परिचित जातिय, भाषिक, धार्मीक, ऐतिहासिक, सांस्कृतिक तथा भौगोलिक विविधताले युक्त सहिष्णुता र सद्भावमा संचालित यस नगरलाई नेपालकै स्वीट्जरल्याण्डका रुपमा पनि चिनिने गरिन्छ । विविधता वीचको एकता र प्राकृतिक  रुपमा सुन्दर यस नगरलाई नेपालको महत्वपूर्ण पर्यटनगन्तव्यको रुपमा विकास गर्न स्थानीय सरकार प्रतिवद्ध छ ।

**म अव चालु आ.व को समीक्षा यहाँहरु समक्ष प्रस्तुत गर्न चाहन्छु ।**

लामो समयसम्म जनप्रतिनीधि विहिन रहेको स्थानीय निकायहरु नयाँ संवैधानिक व्यवस्था बमोजिम स्थानीय सरकारको रुपमा रुपान्तरण भै देशको नौलो ऐतिहासिक अभ्यासको रुपमा स्थानीय सरकारको निर्वाचन सम्पन्न भएपछिको पहिलो आर्थिक वर्ष मुलतः सिकाईमा नै वित्यो । आवश्यक जनशक्तिको कमी, भौतिक संरचनाको कमि, नीतिगत व्यवस्थाको कमिका साथै हाम्रो आफ्नै परिवर्तित जिम्मेवारी बारेमा अस्पष्टताको कारण सहज ढंगले सेवा प्रवाह गर्न कठिनाई भयो । आ.व. ०७३/०७४ मा सिर्जित दायित्व व्यवस्थापन तथा अत्यावश्यक कर्मचारी व्यवस्थापन गरी वडा कार्यालय एवं नगरपालिका कार्यालयबाट सेवा प्रवाह सूचारु गराउन नै हामीलाई निकै कठिनाई झेल्नुपऱ्यो ।  आ.व. को तेस्रो चौमासिक आइपुग्दा दरबन्दी अनुसारको प्रमुख प्रशासकीय अधिकृत तथा अन्य केहि थप कर्मचारी समेत उपलब्ध भएपछि र हाम्रो अनुगमन तथा सिकाई समेत भएपछि संस्थागत क्षेत्रमा सुधारको लागि उपयुक्त पाइला अघि बढाउन थालेको व्यहोरा यहाँहरु समक्ष निवेदन गर्दछु ।

उल्लेखित अवस्थाको बाबजुत नगरले "Clean Jiri, Green Jiri र Organic Jiri" को अवधारणलाई मुर्त रुप दिन नगरभित्रका सबै घरपरिवार समेटी ६३ वटा टोल विकास समिति गठन गरि मुख्य पदाधिकारीलाई तालिम समेत दिइएको । यो अभियानमा सबै टोलहरु मार्फत आम नागरिकको अभुतपुर्व साथ सहयोग रहेको व्यहोरा अवगत नै छ । विनियोजित रकमको प्राय सबै काम समयमै सम्पन्न गरी भुक्तानी समेत भएको छ भने "असारे विकास" लाई रोक्न धेरै हदसम्म सफल भएको व्यहोरा नगरसभाका सदस्यहरु मार्फत आम नागरिक समक्ष राख्न चाहान्छु ।

हामीलाई विश्वास गरी निर्वाचित गर्ने आम जनताको भावनालाई उच्च कदर गर्दै साधन स्रोत भए सम्म विकास निर्माण कामहरु अघि बढि रहेको र सेवा सुधार गरिएको छ । पर्यटन क्षेत्र, कृषि क्षेत्र, पूर्वाधार निर्माण क्षेत्र, शिक्षा स्वास्थ्य एवं नागरिकका अत्यावश्यक सेवामा केहि जगहरु तयार भई सुधारहरु प्रारम्भ भएका छन् । नगरको ऐनाको रुपमा पाश्र्वचित्र तयार भएको छ । आवधिक योजना अन्तिम चरण पुगेको छ । नगर शिक्षा योजना अन्तिम चरणमा पुगेको छ । विभिन्न ऐन नियम तथा मापदण्डहरुको मस्यौदा तयार गरी स्वीकृतीका लागि यसै सभामा प्रस्तुत गरिदै छ । उल्लेखित आधारमा आगामि आ.व.को लागि न्यूनतम आधारहरु तयार भएको र अवको हाम्रो गन्तव्य स्पष्ट भएको व्यहोरा यहाँहरु समक्ष राख्न चाहान्छु ।

अध्यक्ष महोदय,

**म अव यहाँहरू समक्ष अगामी आर्थिक बर्षको नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्न गैरहेको छु ।**

यस नगरले मूलरुपमा "Clean Jiri, Green Jiri र Organic Jiri" को मूल लक्ष्य लिई अघिबढिरहेको व्यहोरा सम्पूर्ण नगरसभाका सदस्यज्यूहरुमा अवगत गराउँदछु । उक्त मूल लक्ष्य हासिल गर्ने सम्वाहकको रुपमा सम्पूर्ण नगरवासीहरु समेटी६३ वटा टोल विकास समितिहरु गठन गरी सकिएको छ । यिनै टोल विकास समितिहरुको कुशल परिचालन गरि उक्त लक्ष्यलाई हासिल गर्ने गरि आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रम र वजेट तयार गरिएको छ ।

आर्थिक वर्ष २०७५/७६ को बजेटको प्रमुख उद्देस्य तथा प्राथमिकता देहाय बमोजिम रहेका छन् ।

**<u>उद्देस्य</u>**

१.स्थानीय उत्पादन र उत्पादकत्वलाई अभिवृद्धि गरि नगरवासीलाई आत्मनिर्भर वनाउन उद्यमशिलताको विकास गर्नु ।

२. वेरोजगारी दर घटाई गरिवी न्यूनिकरणमा सहयोग पुर्याउनु ।

३.श्रमको सम्मान गर्ने वातावरणको विकास गर्नु ।

४.नगरका हरेक क्रियाकलापलाई वजेट प्रणालीमा आवद्ध गराई सुशासन कायम गर्नु ।

५.सार्वजनिक सेवालाई गुणस्तरीय बनाउनु ।

**<u>प्राथमिकता</u>**

जिरी नगरपालिका

१ वातावरणमैत्री विकास

२ रोजगारीका अवसर सिर्जना

३ पर्यटन पूर्वाधारको विकास

४ कृषिमा जैविक प्रविधिको प्रवर्धन

५ गुणस्तरीय शिक्षा र स्वास्थ्यमा सम्पूर्ण नगरवासीको पहुँच

६ भुकम्पपछिको पुर्ननिर्माणमा समन्वय र सहजिकरण

## नगरले आ.ब. ०७५/७६ मा अबलम्बन गर्ने नीतिहरु,

## १. आर्थिक विकाससम्बन्धि नीति

### १.१ कृषि

१.१.१ विद्यमान परम्परागत कृषि प्रणालीलाई व्यवसायिक कृषि प्रणालीमा रुपान्तरण गर्न ज्ञान, सिप बढाइनेछ र प्रविधिको उपयोगमा जोड दिइनेछ।

१.१.२कृषक/उद्यमी केन्द्रित र कृषक/उद्यमीमैत्री नीति निर्माणमा जोड दिइनेछ।

१.१.३किवी, आलु, रेन्वोट्राउट र तरकारी उत्पादनमा आत्मनिर्भरताका लागि उत्पादनका पकेट, ब्लक, जोन तथा सुपरजोनको विकास गरी सघन ब्यावसायिक खेती प्रणाली अघि बढाइनेछ।

१.१.४राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारको माग र अर्गानिक जिरीलाई मध्येनजर गर्दै अर्गानिक फर्म स्थापना गरी जिरीलाई अर्गानिक खाना उपलब्ध हुने नगरको रुपमा विकास गरिने छ।

१.१.५खेतीयोग्य जग्गालाई बाँझो राख्ने प्रबृत्ति निरुत्साहित गर्दै बाँझो रहेका कृषि भुमिको दीगो उपयोगका लागि उपयुक्त योजना तयार गरि कार्यान्वयन गरिनेछ।

१.१.६कृषि उपज उत्पादन, प्रशोधन, भण्डारण एबम् वितरण प्रणालीमा नयाँ प्रविधिको विकास, अनुसरण, अवलम्बन र आधुनिकीकरण गरिनेछ।

### १.२ पशुपालन

१.२.१ पशुधन तथा मत्स्य विमासम्बन्धि कार्यक्रमको लागि समन्वय गरिनेछ।

१.२.२ चौरीपालक कृषकलाई सुलभ कर्जामा पहुच, दाना उत्पादनमा सहजिकरण लगायतका सुविधा बृद्धीगरि चौरीपालन व्यवसायमा आकर्षित गरिनेछ।

१.२.३  नगर क्षेत्रभित्र रहेका सम्पूर्ण पशुपालक कृषकहरुको पशुपंक्षीहरुलाई पशु स्वास्थ्य उपचार सेवा उपलब्ध गराइनेछ ।

१.२.४  नश्लसुधारको माध्यामले स्थानीय पशुहरुमा गुणात्मक सुधार ल्याइनेछ ।

१.२.५  पशु आहारामा सुधार ल्याउन विभिन्न बहुबर्षिय घाँस खेती गर्ने, पशु चरणको ब्यवस्था मिलाई डाले घाँसको विरुवा वितरण तथा सम्बर्धन गरिनेछ ।

१.२.६ पशुधन सुरक्षाको लागि विभिन्न रोगबाट बचाउँन आकस्मीक खोप सेवाहरु संचालन गरिनेछ ।

१.२.७  कृषकहरुले उत्पादन गरेको कृषि उपज तथा पशुजन्य पदार्थको बजारीकरणमा समन्वय तथा सहजिकरण गरिने छ ।

१.२.८  बजार क्षेत्रको वातावरणलाई प्रदुषणमुक्त पार्न निश्चित स्थानमा बधशालाको ब्यवस्था गर्ने कार्यको प्रारम्भ गरिनेछ ।

१.२.९  लोकल कुखुरा रबाख्राकोब्यबसायीक उत्पादनमाप्रोत्साहित गरिनेछ। ब्यबसायीक रुपमा बंगुर, हाँस लगायतका अन्य मासुजन्य उत्पादन बढाउन जोड दिइनेछ ।

## १.३ पर्यटन

१.३.१ यस नगरलाई सफा र स्वच्छ तथा हरित वातावरणमा रहि प्राङ्गारिक खानाको स्वाद सहित विदा मनाउने गरि स्वदेशि तथा विदेशी पाहुनाको लागि आकर्षक गन्तव्यको रुपमा विकास गरिनेछ । यसकालागि निम्न कार्यक्रम तथा योजना अगाडी वढाईनेछ ।

१.३.१.१ वस्ति सौन्दर्यकरणलाई प्रवर्धन गरिनेछ ।

१.३.१.२ सवै धर्मावलम्वीहरुलाई आकर्षितगरी धार्मिक पर्यटन प्रवर्धन गर्न तथा धार्मिक पर्यटनको महत्वपूर्ण गन्तव्यको रुपमा विकास गर्न यहाँ रहेका प्रमुख गुम्वा, मन्दिर, चर्च आदिको निर्माण तथा जिर्णोद्धार गर्ने कार्यलाई प्राथमिकतामा राखिनेछ ।

१.३.१.३ स्थानीय नगरवासीलाई स्थानीय उत्पादनबाट अतिथि सत्कार गर्न प्रोत्साहित गरिनेछ । कृषि पर्यटन, पर्या पर्यटन, होमस्टे, स्वास्थ्य पर्यटन आदिलाइ प्रोत्साहित गरिनेछ ।

१.३.१.४ वुद्धपार्क, टोनिहेगन पार्क, स्टोन पार्क रजिरी तालको गुरुयोजना तयार गरिनेछ ।

१.३.१.५ एडमण्ड हिलारीको सम्झनासंग जोडिएको संरचनालाई उचित संरक्षण गरि पर्यटकको महत्वपूर्ण गन्तव्यको रुपमा विकास गरिनेछ ।

## १.४  सहकारी

जिरी नगरपालिका

१.४.१ निजी तथा सहकारी क्षेत्रको संलग्नता बढाउदै करार सम्झौतामा आधारीत तथा सहकारी खेतीलाई प्रथामिकता दिई मूल्य श्रृंखला पद्धति अनुसार उत्पादनदेखि बजारिकरण सम्मका कार्यक्रमहरु एकिकृत रुपमा संचालन गरिनेछ।

१.४.२ गुणस्तरीय उत्पादन सामाग्रीहरु र कृषि यान्त्रिकरणका लागि कृषकमैत्री औजार, उन्नत प्रविधि एवम् सुलभ कृषिकर्जाको लागि कृषक सहकारीको क्षमता विकास तथा अन्य निकायसंग समन्वय गरिने छ।

१.४.३ प्राङ्गारिक खेतीका सम्भावित वस्तु र क्षेत्रहरुको पहिचान एबम् उत्पादन बृद्धि गरि उत्पादित प्राङ्गारिक वस्तुको ब्राण्ड प्रवद्र्धन गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा बजारिकरण गर्न सहकारी सस्थाहरुलाइ प्रोत्साहित गरिनेछ।

**२. संस्थागत विकास र सेवा प्रवाह सम्बन्धि नीति**

२.१ सेवा प्रवाह चुस्त, दुरुस्त, भरपर्दो र जनमुखी वनाउने कुरालाई उच्च प्राथमिकतामा राखिनेछ।

२.२ नगरपालिकाबाट स्विकृत भएका ऐन, नियम, नीति, कार्यविधिलाई उच्च प्राथमिकताका साथ पालना गरिनेछ। स्वीकृत ऐन नियम नगरपालिकाको वेव साईटमा राखी सर्वसाधारणको जानकारीकालागि संप्रेशण गरिनेछ।

२.३ सम्पूर्ण कर्मचारीहरुको कार्यविवरण वनाई कार्यान्वयन गरिनेछ तथा त्यसैको आधारमा मूल्याङ्कन गर्ने पद्धतिको विकास गरिनेछ।

**३. सामाजिक विकास नीति (शिक्षा तथा खेलकुद, स्वास्थ्य तथा अन्य)**

३.१ यस नगरभित्र रहेका मन्दिर, गुम्बा, चर्च जस्ता ऐतिहासिक, सांस्कृतिक तथा पुरातात्विक सम्पदाको संरक्षण, संवर्धन र विकास गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

३.२ समाजमा विद्यमान धर्म, प्रथा, परम्परा, रीति तथा संस्कारका नाममा हुने सबै प्रकारका विभेद, असमानता, शोषण र अन्यायलाई न्यूनिकरणमा सहयोग पुग्ने गरि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

३.३यस नगरपालिकाभित्र सबै वडाहरुमा गरिब तथा बेरोजगारको तथ्याङ्क संकलन गर्नुका साथै असहाय अवस्थामा रहेका एकल महिला र दलित महिलालाई सीप, क्षमता तथा रोजागारोन्मुख तालिम तथा सशक्तीकरण गरिनेछ।

३.४ सामाजिक सुरक्षा कार्यक्रम र पञ्जिकरणलाई अनलाइन प्रविधिमा आबद्ध गरिनेछ।

३.५ नगरको औसत आयु बढाउने, मातृ शिशु र बाल मृत्युदर घटाउने साथै परिवार नियोजनलाई प्रोत्साहित गरि जनसंख्या व्यवस्थापन गरिनेछ।

३.६ स्वस्थ, सक्षम र अनुशासित नागरिक निर्माणकालागि खेलकुद विकास गर्न एक नगर एक रंगशाला र एक वडा एक खेलमैदानको अवधारणा सुरुवात गरिनेछ।

३.७ यस नगरपालिकाका सबै पञ्जिकाधिकारीहरु, पञ्जिकरण सम्बन्धी काम गर्ने अन्य कर्मचारीहरुको क्षमता अभिबृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

३.८ आधारभूत शिक्षामा सबैको पँहुच सुनिश्चितता गर्दै शिक्षा क्षेत्रमा निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाइनेछ।

३.९ अतिरिक्त क्रियाकलापहरुको माध्यमबाट विद्यार्थीहरुको चौतर्फी विकासमा सहयोग पुरयाउनुका साथै प्रतिभाशाली खेलाडीहरुको खोजी गरि क्षमता विकासका लागि प्रोत्साहन तथा सहयोग प्रदान गरिनेछ ।

३.१० नगरभित्र रहेका अपाङ्ग बालबालिकाको तथ्याङ्क संकलन गर्नुका साथै समग्र नगरभित्रका शैक्षिक तथ्याङ्कलाई व्यवस्थितरुपले अभिलेख राखिनेछ।

३.११ सामुदायिक विद्यालयहरुमा बहुकक्षा बहुस्तर पद्धतिको कार्यान्वयनलाई प्रभावकारी बनाई सिकाइमा विद्यार्थीको सहभागिता वृद्धि गरिनेछ।

३.१२ विद्यालय व्यवस्थापन समिति तथा वडा शिक्षा समितिका पदाधिकारीहरु र विषयगत शिक्षकहरुको क्षमता विकास तालिम सञ्चालन गरिनेछ।

३.१३ नगरले वर्षको कुनै एक दिनलाई खेलकुद दिवस घोषणा गरि खेलकुदमा महिला सहभागितालाई जोड दिंदै खेलकुद महोत्सव आयोजना गरिनेछ।

३.१४ नगर शिक्षा योजना, नगर शिक्षा ऐन तथा नियमावली निर्माण गरी लागू गरिनेछ।

३.१५ नगरस्तरमा सर्वोत्कृष्ट सिकाइ उपलब्धि हासिल गर्ने विद्यार्थी तथा शिक्षकहरुको सेवाप्रतिको कर्तव्यनिष्ठताको कदर गर्दै पुरस्कृत गर्ने कार्यको शुरुवात गरिनेछ।

३.१६ नगरस्तरमा लिइने आधारभूत तह उत्तीर्ण परीक्षालाई व्यवस्थित गर्दै परीक्षाको विश्वस्नीयतावृद्धि गरिनेछ।

## ४. वित्तीय व्यवस्थापन तथा सुशासन नीति

४.१ आर्थिक क्रियाकलापहरुलाई विधिसम्मत रुपमा सरलिकृत गरिनेछ र पारदर्शिता वढाईनेछ। भुक्तानी प्रणालीलाई थप व्यवस्थित गरि खातामा नै भुक्तानी गर्ने व्यवस्था मिलाईनेछ।

४.२ भएका वेरुजु फर्स्यौट गर्न अधिकतम प्रयास गरिनेछ तथा वेरुजु घटाउन उल्लेख्य सुधार गरिनेछ।

४.३ कर्मचारी तथा पदाधिकारीहरुको क्षमता विकासका कार्यक्रम निरन्तर सञ्चालन गरिनेछ।

४.४ कर्मचारीको रिक्त पदपूर्ती उपयुक्त प्रकृया अपनाई गरिनेछ।

## ५. पुर्वाधार विकास नीति (ग्रामिण र शहरी)

५.१ नयाँ सडक खोल्ने कार्यलाई निरुत्साहित गर्ने र भैरहेका सडकको स्तर उन्नति गर्ने कार्यलाई प्रोत्साहित गरिनेछ।

५.२ नगरपालिका कार्यालयबाट सवै वडा कार्यालय जोड्ने सडकलाई वार्है महिना चल्नेगरि मर्मत गर्ने कार्यलाई उच्च प्राथमिकता दिईनेछ।

५.३ नगरभित्रका सम्पूर्ण सडकको मापदण्ड निर्धारण गरि कार्यान्वयनमा ल्याईनेछ।

५.४ डोजर, स्काभेटर जस्ता भारी सवारी साधनको प्रयोगमा कडाईका साथ नियमन गरिनेछ।

५.५ सफा र स्वच्छ खानेपानीको पहुँचबाट वाहिर भएका नगरवासीलाई सोमा पहुँच पुर्याईनेछ।

५.६ विद्युत सुविधाबाट वञ्चित भएका छरिएर रहेका घरपरिवारलाई सौर्य उर्जाको माध्यमबाट विद्युत सेवा पुर्याईनेछ।

५.७ दुरसंचार सेवालाई भरपर्दो र नियमीत गराई कार्यालयलाई प्रविधिमैत्री वनाईनेछ।

५.८ नगरपालिकाको कार्यालय भवनलाई सुरक्षित र व्यवस्थित वनाईनेछ।

५.९ वडा कार्यालय भवन निर्माण गर्न तथा व्यवस्थित शहरि विकासका पूर्वाधार निर्माण गर्न प्रदेश तथा संघिय सरकारसंग समन्वय गरिनेछ।

## ६. वातावरण तथा विपद् व्यवस्थापननीति

६.१ जिरीलाई हरित नगरको रुपमा विकास गरि प्रत्येक जिरी नगरवासीलाई स्वच्छ र स्वस्थ वातावरणमा वाँच्ने आधार तय गरिनेछ।

६.२ यस नगरले लिएको Clean Jiri, Green Jiri र Organic Jiri को दिर्धकालिन लक्ष्यलाई प्रवर्द्धन गर्ने कार्यक्रमलाई व्यापक रुपमा अगाडी वढाइनेछ। यसकालागि निम्न उपाय अवलम्वन गरिनेछ।

६.२.१. प्रत्येक घरपरिवार तथा टोललाई फोहरलाई ३ भागमा वर्गिकरण गरि जम्मा गर्न प्रोत्साहित गरिनेछ।

६.२.२ फोहरमैलाको उचित व्यवस्थापन गर्न संकलन केन्द्रको निर्माण कार्य अगाडी वढाईनेछ।

६.२.३टोल टोलबाट वर्गिकृत फोहरलाई सवारी साधनको माध्यमवाट संकलन केन्द्रमा पुर्याई उचित व्यवस्थापनका उपाय अवलम्वन गरिनेछ।

६.२.४ टोलतथा वस्तिहरुलाई फोहरजन्य क्रियाकलाप गर्न निरुत्साहित गरिनेछ।

६.२.५ घरपरिवार तथा टोलहरुलाई फोहरमैलाको उत्पादनमा कमी, प्रशोधन गर्ने तथा पुन: प्रयोग गर्ने सम्वन्धी चेतना अभिबृद्धिको कार्यक्रम अगाडी बढाईनेछ।

६.२.६ प्लास्टिकका सामानको प्रयोगलाई न्यूनिकरण गर्ने तथा प्लास्टिकका झोलाको प्रयोगलाई निरुत्साहित गर्दै प्लास्टिक झोलामुक्त जिरी वनाउनेकार्यमा टोल विकास समितिको सक्रियतालाई प्रोत्साहित गरिनेछ।

जिरी नगरपालिका

६.२.७ जिरी नगरलाई प्रदुषित वनाउन भूमिका खेल्ने प्लास्टिक पोल्ने तथा खाडलमा गाड्ने कार्यलाई पूर्णत निषेध गरिनेछ ।

६.३ जैविक विविधता, पर्यावरण तथा वातावरण संरक्षण सम्वन्धी जनचेतना अभिवृद्धि गर्ने कार्यक्रम अगाडी वढाईनेछ । जसकालागि तालिम, गोष्ठी र सेमिनारका कार्यक्रम गरिनेछ ।

६.४ स्वच्छ, सफा र हराभरा कायम राख्न खालीठाउँमा वृक्षारोपण गर्ने तथा वातावरणमैत्री कार्यलाई उच्च प्राथमिकता दिईनेछ ।

६.४.१ हरेक घरपरिवारलाई घरपरिसरमा देख्ने ठाउँमा फूलहरु रोप्ने कार्यलाई प्रोत्साहित गरिनेछ ।

६.४.२ हरियाली र सुन्दर टोल वनाउन प्रोत्साहित गर्न उत्कृष्ट टोललाई पुरस्कृत गरिनेछ ।

६.५ स्थानीय वातावरण अनुकुल तथा भविष्यमा प्रतिफल दिन सक्ने फलफूल, जडिवुटी तथा वन पैदावरको खेतीलाई प्रोत्साहन गरिनेछ । यसकालागि मागमा आधारित विरुवा वितरणका कार्यक्रम गरिनेछ ।

६.६ पानीका मुहानको संरक्षण गर्दै विभिन्न स्थानमा पोखरी निर्माण गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ ।

६.७ वातावरण संरक्षणकालागि विकासका सामान्य क्रियाकलाप संचालन गर्दा समेत वातावरणमा नकारात्मक प्रभाव पर्न नदिने तर्फ ध्यान दिइनेछ ।

६.८ सामुदायिक वन उपभोक्ता समितिको समन्वयमा वन फडानी गर्ने कार्यलाई निरुत्साहित गर्न विशेष ध्यान पुर्याईनेछ । एकसामुदायिक बन एक नर्सरीलाईअनिवार्य सर्तको रुपमा अघि बढाइनेछ।

६.९ समग्रनगरवासीको लागि'सुरक्षित जिरी'कोकल्पनालाई साकार पार्ने अभियानलाई मद्धत पुग्ने गरि विपद् पूर्व तयारी तथा विपद् पछिको क्षति न्यूनिकरण गर्नका लागि आवश्यक तयारी गर्न विशेष ध्यान पुर्याईनेछ । जसकालागि स-साना विपदको अवस्थामा तत्काल राहत तथा उद्धार कार्य गर्नकालागि वडा कार्यालयलाई सक्षम बनाईनेछ ।

## नगरस्तरीय गौरबका योजना तथा महत्वपूर्ण योजनाहरु

नगरस्तरीय गौरबको योजनाको रुपमा जिरी तालको निर्माण र वार्ड नम्बर ३ मा गुरु रिम्पोछे मुर्ति र बौद्ध निर्माण सम्बन्धि कार्य यसै आर्थिक बर्षमा अगाडी बढाइने छ । आर्थिक विकास र रोजगारी सिर्जना गर्ने गरि कृषि, पर्यटनर पशुपालनसम्बन्धि कार्यक्रमहरुलाई उच्चमहत्व दिइने छ । वडाहरुबाट प्रस्ताब भै आएका नगरस्तरीय महत्वपूर्ण योजना तथा कार्यक्रमहरुको प्राथमिकीकरण गरि कार्यान्वयनको प्रक्रियामा लगिनेछ ।

प्रस्तावित बजेट, खर्च बेहोर्ने स्रोत , तथा बिस्तृत कार्यक्रम र शीर्षकगत खर्च विवरणहरु अनुसूचिहरुमा उल्लेख गरेको छु ।

धन्यबाद।

जिरी नगरपालिका

अनुसूची १

# आय व्ययको विवरण (सारांश)

| शीर्षक | गत आ.व. २०७३/७४ को यथार्थ | चालु आ.व. २०७४/७५ को संशोधित अनुमान | आ.व. २०७५/७६ को लागि प्रस्तावित निशर्त | आ.व. २०७५/७६ को लागि प्रस्तावित सशर्त |
|---|---|---|---|---|
| आय | | | | |
| **राजस्व** | | | | |
| आन्तरिक राजस्व | ३१४१११९.३४ | ६७७०००० | १०८५०००० | |
| राजस्व बाँडफाँड बाट प्राप्त रकम नेपाल सरकार बाट | ४५०९७२ | ०.०० | ५२६८१००० | |
| राजस्व बाँडफाँड बाट प्राप्त रकम प्रदेश सरकार बाट प्राप्त | ०.०० | ०.०० | २३१६००० | |
| अन्य आय(गत वर्षको मौज्दात) | ०.०० | १९९५१०१०.८४ | २७०००००० | |
| **अन्तर सरकारी वित्तीय हस्तान्तरण** | | ० | | |
| नेपाल सरकारबाट प्राप्त समानीकरण अनुदान | ९२६०४३७३.५६ | २५२२०६०००.०० | ९९४००००० | |
| प्रदेश सरकाबाट प्राप्त समानीकरण अनुदान | | ०.०० | ७६८४००० | |
| अन्तर स्थानीय तहबाट प्राप्त | | ०.०० | ०.०० | |
| **जनसहभागिता** | | ०.०० | | |
| नगद सहभागिता | | ०.०० | ०.०० | |
| नेपाल सरकार बाट प्राप्त सशर्त अनुदान | | ०.०० | ०.०० | १३९०००००० |
| प्रदेश सरकार बाट प्राप्त सशर्त अनुदान | | ०.०० | ०.०० | २३४५५००० |
| श्रम तथा नगद सहायता | | ६००००००.०० | ० | |
| | | ०.०० | | |
| **सामाजिक सुरक्षा बापतको रकम** | | २६३३८०००.०० | | २७५००००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | **LGCDP** | | १३६५०००.०० | | १०००००० |
| | **गरिबसँग विश्वेश्वर कार्यक्रम** | | ४२९०००.०० | | ५००००० |
| | **पर्यटन वोर्ड नेपाल** | | २५००००.०० | | १०००००० |
| | **सडक वोर्ड नेपाल** | | १७४९९९८.०० | | ३०००००० |
| | **जम्मा** | ९६१९६४६४.९० | ३०६२०५७३४.५२ | १९९९३१००० | १९५४५५००० |
| | **कुल जम्मा** | **९६१९६४६४.९०** | **३१५०५९००८.८४** | **३९५३८६०००.०००** | |
| | | | | | |
| **व्यय:** | | **७३२७३१९९.८९** | **३१५०५९००८.८४** | **३९५३८६०००.००** | |
| | चालु खर्च | १६९७३७९९.९० | १५९४६५०१८.७२ | ९१७३१०००.०० | १९५४५५०००.०० |
| | पुँजिगत खर्च | ५६२९९३९९.९९ | १००५५२०५५.१२ | १०८२००००० | |
| | सशर्त अनुदान फिर्ता | | ८२९२०३५ | | |
| | सामाजिक सुरक्षा | | २५७४९९०० | | |
| | बाँकी | | २१०००००० | | |
| | | | | | |
| बजेट बचत(+)/न्यून(-) | | | | | |

जिरी नगरपालिका

अनुसूची २

# राजस्व तथा अनुदान प्राप्तिको अनुमान

## आ.व.२०७५/७६

| शिर्षक | | गत आ.व. २०७३/७४ को यथार्थ | चालु आ.व. २०७४/७५ को संशोधित अनुमान | आ.व. २०७५/७६ को प्रस्तावित |
|---|---|---|---|---|
| **राजस्व** | | **२८५९४२६** | **६७७००००** | **१०८५००००** |
| | | | | |
| ११३१३ | एकिकृत सम्पत्ति कर | ० | २४००००० | ५६००००० |
| ११३१४ | भुमिकर/मालपोत | ४७९९४४ | ३५००० | ५०००० |
| ११३२१ | घर वहाल कर | ० | ० | ५०००० |
| ११३२२ | वहाल विटौरी कर | ० | ५५०००० | ४००००० |
| ११४५१ | सवारी साधन कर | ० | ० | ० |
| ११४५२ | पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ० | ० | ० |
| ११४७१ | सिनेमा डकुमेन्ट्री कर | ० | ० | ० |
| ११४७२ | विज्ञापन कर | ० | ० | १०००० |
| ११४७३ | अन्य मनोरञ्जन कर | ० | ० | ० |
| ११६१३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | १०३९२२ | २००००० | ४००००० |
| ११६१४ | रेडियो एफ् एम् सञ्चालन दस्तुर | ० | ० | १०००० |
| ११६२१ | चालक अनुमति पत्र, सवारी किताव दर्ता दस्तुर | ० | ० | ० |
| ११६३१ | कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोवारमा लाग्ने कर | ० | ० | ० |
| ११६३२ | अखेटोपहारमा लाग्ने कर | ० | ० | ० |
| ११६९१ | अन्य कर (माथि नपरेका सबै स्थानीय कर) | ० | ० | १००००० |
| . | **जम्मा कर राजश्व** | **५८३८६६** | ३१८५००० | **६६२००००** |
| | **बस्तु तथा सेवा विक्रीबाट प्राप्त रकम** | ० | | |

| | | | | |
|---|---|---|---|---|
| १४२११ | कृषि उत्पादनको विक्रिवाट प्राप्त रकम | ० | ० | ० |
| १४२१२ | सरकारी सम्पत्तिको विक्रिवाट प्राप्त रकम | ० | ० | ० |
| १४२१३ | अन्य विक्रीवाट प्राप्त रकम(बुकलेट) | १००२०० | १०५०००० | १००००० |
| १४२१९ | अन्य सेवाशुल्क तथा विक्री(सरसफाइ,काठ, जडिबुटी, ढुङ्गा, गिटी, बालुवा आदी ) | ० | ५००००० | १४५०००० |
| | **जम्मा** | **१००२००** | १५५०००० | **१५५००००** |
| | | | | |
| १४२२१ | न्यायिक दस्तुर | ० | ० | ५००० |
| १४२२३ | **शिक्षा क्षेत्रको आम्दानी** | ० | ० | ० |
| १४२२४ | **परीक्षा शुल्क** | ० | ० | २००००० |
| १४२२५ | **यातायात क्षेत्रको आम्दानी** | ० | ० | ० |
| १४२२९ | **अन्य प्रशासनिक सेवा शुल्क** | ० | ० | ५००० |
| | **जम्मा** | ० | ० | २१०००० |
| | | | | |
| | **दस्तुर** | | | |
| १४२४१ | **पार्किङ्ग शुल्क** | ० | ० | **५००००** |
| १४२४२ | **नक्सापास दस्तुर** | १२९३७५५ | ४०००० | ३००००० |
| १४२४३ | **सिफारिस दस्तुर** | ५८१९५ | १७००००० | २०००००० |
| १४२४४ | **व्यक्तिगत घटना दर्ता दस्तुर** | २९६०० | ३५००० | **४००००** |
| १४२४५ | **नाता प्रमाणित दस्तुर** | ० | ० | ४०००० |
| १४२४९ | अन्य दस्तुर | २७००७० | ३०००० | ४०००० |
| | **जम्मा** | **१६५१६२०** | **१८०५०००** | २४७०००० |
| | | | | |
| | दण्ड जरिवाना र जफत | | | |
| १४३११ | न्यायिक दण्ड जरिवाना र जफत | ० | ० | |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ० | ० | |
| | जम्मा | ० | ० | |
| | | | | |
| | अन्य राजश्व | | | |
| १४५२२ | साना सवारी साधन कर | ० | ० | |
| १४५२९ | अन्य राजश्व | ० | ० | |

| | | | | |
|---|---|---|---|---|
| अन्य आय | | | | |
| १४५२९ | साविक स्थानीय निकायबाट हस्तारन्तरण भई प्राप्त रकम | | | |
| १५१११ | बेरुजु असुली | | | |
| १४५२९ | गत वर्षको नगद मौज्दात | | ११०९७७३६.५२ | **२७००००००** |
| | | | | |
| अन्तर सरकारी वित्तिय हस्तान्तरण | | | | |
| | **नेपाल सरकारबाट प्राप्त अनुदान** | | | **२९१०८१०००** |
| १३३११ | वित्तीय समानीकरण अनुदान | | | ९९४००००० |
| १३३१२ | सशर्त अनुदान | | | १३९०००००० |
| १३३१३ | विशेष अनुदान | | | ० |
| १३३१४ | समपुरक अनुदान | | | ० |
| १४१७० | राजश्व बाडफाड | | | ५२६८१००० |
| | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | **३३४५५०००** |
| १३३११ | वित्तीय समानीकरण अनुदान | | | ७६८४००० |
| १३३१२ | सशर्त अनुदान | | | २३४५५००० |
| १३३१३ | समपुरक अनुदान | | | ० |
| १३३१४ | विशेष अनुदान | | | ० |
| १४१७० | राजश्व बाडफाड | | | २३१६००० |
| | अन्य स्थानीय तहबाट प्राप्त अनुदान | | | |
| जनसहभागिता | | | | |
| | नगद सहभागिता | | | |
| | श्रम तथा वस्तुगत सहायता | | | **०** |
| | **अन्य रकम निकासा तथा प्राप्ती(सशर्त)** | | | **३३००००००** |
| | सामाजिक सूरक्षा | | | २७५००००० |
| | पर्यटन बोर्ड | | | १०००००० |
| | सडक बोर्ड | | | ३०००००० |
| | स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम | | | १०००००० |
| | गरीबसंग विश्वेश्वर कार्यक्रम | | | ५००००० |
| | **कुल जम्मा** | | | **३९५३८६०००** |

अनुसूची ३

व्ययको शिर्षकगत विवरण

**चालुगत खर्च संकेत तथा वर्गिकरण**

| खर्चसंकेत | शीर्षक तथाउपशीर्षक | आ.ब ७३/७४को यथार्थ | जेष्ठ मसान्त सम्मको खर्च | | आ.ब.०७४/७५ को संशोधित अनुमान | आ.ब०७५-७६ को लागि प्रस्तावितरकम | स्रोत |
|---|---|---|---|---|---|---|---|
| **२१११०** | **नगदमादिईने पारिश्रमिक/सुविधा** | | | | **११७९५३५६.३८** | **१९००००००** | |
| २११११ | पारिश्रमिक (कर्मचारी) | | ४२९०८०९.७ | २७८५३४८.७२ | ५५७६१५८.३८ | १३०००००० | |
| २१११२ | पारिश्रमिक (पदाधिकारी) | | ० | ० | ६३१९१९८.०० | ६०००००० | |
| **२११२०** | **जिन्सी वा जिन्सी वापत कर्मचारीलाई दिईने पारिश्रमिक सुविधा** | | | | **१७२५००.००** | **४३००००** | |
| २११२१ | पोशाकभत्ता | | १७२५०० | ०.०० | १७२५००.०० | ४३०००० | |
| **२११३०** | **कर्मचारीभत्ता** | | | | **५२८१७२१.१४** | **४९७६०००** | |
| २११३१ | स्थानीयभत्ता | | ८३९८३ | १११५०.०० | ९५१३३.०० | ५४४००० | |
| २११३२ | महंगीभत्ता | | ८९२२३ | १४०००.०० | १०३२२३.०० | १०३२००० | |
| २११३४ | कर्मचारीकोबैठक भत्ता | | | | | २००००० | |
| २११३५ | कर्मचारीप्रोत्साहन तथा पुरस्कार | | | | | २५००००० | |
| २११३९ | अन्य भत्ता | | ३२०१३६५.१ | ९८२०००.०० | ५०८३३६५.१४ | ७००००० | |
| **२११४०** | **पदाधिकारीभत्ता तथा अन्य सुविधा** | | | | | **१३०००००** | |

जिरी नगरपालिका

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २११४१ | पदाधिकारीबैठक भत्ता | | | | | ८०००० | |
| २११४२ | पदाधिकारीकोअन्य सुविधा | | | | | ५००००० | |
| **२१२१०** | **कर्मचारीकोसामाजिक सुरक्षा खर्च** | | | | | **१७०००००** | |
| २१२११ | सामाजिक सुरक्षा कोष | | | | | ५००००० | |
| २१२१२ | योगदानमा आधारित निवृतरण तथा उपदान कोष खर्च | | | | | ५००००० | |
| २१२१३ | योगदानमा आधारित बिमा कोष खर्च | | | | | २००००० | |
| २१२१४ | कर्मचारीकल्याण कोष | | | | | ५००००० | |
| **२२११०** | **सेवा महशुल** | | | | **६७८३७४.००** | **९०००००** | |
| २२१११ | पानी तथा विजुली | | १५५७४ | ३००००.०० | ४५५७४.०० | ४००००० | |
| २२११२ | संचार महशुल | | ४३२८०० | २०००००.०० | ६३२८००.०० | ५००००० | |
| **२२२१०** | **सवारीसाधनको संचालन तथा सम्भार खर्च** | | | | **१५७४२६६.००** | **२६९४६००** | |
| २२२११ | पदाधिकारीकोइन्धन खर्च | | | | | ५००००० | |
| २२२१२ | कार्यालयप्रयोजनको इन्धन खर्च | | ६९२२५८ | ३०००००.०० | १०९२२५८.०० | १०४४६०० | |
| २२२१३ | सवारीसाधनको मर्मत खर्च | | ३३२००८.२ | १५००००.०० | ४८२००८.२० | १०००००० | |
| २२२१४ | बिमा तथानवीकरण खर्च | | | | | १५०००० | |
| **२२२२०** | **मेशिनरीतथा औजार संचालन तथा सम्भार खर्च** | | | | | **२३४०००** | |
| २२२२१ | मेशिनरीतथा औजार संचालन तथा सम्भार खर्च | | | | | २३४००० | |
| **२२२३०** | **निर्मितसार्वजनिक सम्पत्तिको संभार खर्च** | | | | | **१००००००** | |
| २२२३१ | निर्मितसार्वजनिक सम्पत्तिको संभार खर्च | | | | | १०००००० | |
| **२२३१०** | **कार्यालयसामान तथा सेवाहरु** | | | | **३२५०२११.१९** | **६३८३४००** | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २२३११ | मसलन्द तथाकार्यालय सामाग्रीनपा | | २०१९६४१.२ | १०८००००.०० | ३१९९६४१.१९ | २२००००० | |
| २२३११ | मसलन्द तथाकार्यालय सामाग्री वडा | | | | | १८००००० | |
| २२३१३ | पुस्तक तथासामग्री खर्च | | ५७० | ०.०० | ५७०.०० | १००००० | |
| २२३१४ | ईन्धन अन्यप्रयोजन | | ० | ५००००.०० | ५००००.०० | ५००००० | |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | | | | | १०००००० | |
| २२३१९ | अन्यकार्यालय संचालन खर्च | | | | | ७८३४०० | |
| **२२४१०** | **परामर्शतथा अन्य सेवा शुल्क** | | | | **२७८८४००.००** | **८००००००** | |
| २२४११ | सेवा रपरामर्श खर्च | | | १०००००० | १००००००.०० | १५००००० | |
| २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | | | | | ५००००० | |
| २२४१३ | करार सेवाशुल्क | | | | | ५६००००० | |
| २२४१४ | सरसफाईसेवा शुल्क | | | | | २००००० | |
| २२४१९ | अन्य सेवाशुल्क | | १६९४००० | ९४४००.०० | १७८८४००.०० | २००००० | |
| **२२५१०** | **तालिम तथागोष्ठी** | | | | | **३१७००००** | |
| २२५११ | कर्मचारीतालिम खर्च | | | | | ७५०००० | |
| २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | | | | | २४२०००० | |
| **२२५२०** | **उत्पादन सामाग्री, सेवा तथा अन्य कार्यक्रम खर्च** | | | | **२३१४८८०७.००** | **११९७२०००** | |
| २२५२१ | उत्पादनसामाग्री, सेवा (कृषि तथा पशु) | | | | | १६६५००० | |
| २२५२२ | कार्यक्रमखर्च | | ४४४८८०७ | २००००००००.०० | २३१४८८०७.०० | ११७०७००० | |
| २२५२९ | विविधकार्यक्रम खर्च | | | | | १००००० | |
| **२२६१०** | **अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च** | | | | **१३४५१९०.००** | **४७५००००** | |
| २२६११ | अनुगमन, मूल्याङ्कनखर्च | | १८३१४० | ६०००००.०० | २८३१४०.०० | ८००००० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २२६१२ | भ्रमण खर्च | | ६६२०५० | ५००००.०० | १०६२०५०.०० | १८००००० | |
| २२६१३ | विशिष्टव्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | | | | | १००००० | |
| २२६१९ | अन्य भ्रमणखर्च | | | | | ५०००० | |
| २२७११ | बिबिधखर्च | | | | | २०००००० | |
| **२२७२०** | **सभा संचालनखर्च** | | | | | **१००००००** | |
| २२७२१ | सभा संचालनखर्च | | | | | १०००००० | |
| | **जम्माप्रशासनिक खर्च** | | | | | **६७५१००००** | **आन्तरिक आय तथा राजस्व बाडफाड** |
| **२५३१०** | **अन्यसामाजिक संस्थालाई सहायता** | | | | | **१००००००** | |
| २५३१५ | अन्यसहायता | | | | | १०००००० | |
| **२६३३०** | **आन्तरिकअनुदान** | | | | | **१६२४५५०००** | |
| २६३३२ | सशर्तअनुदान (संघ) | | | | | १३९०००००० | |
| २६३३२ | सशर्तअनुदान (प्रदेश) | | | | | २३४५५००० | |
| | LGCDP | | | | | **१००००००** | |
| | गरिव संग विशेश्वर | | | | | **५०००००** | |
| **२७११०** | **सामाजिकसुरक्षा** | | | | | **२८००००००** | |
| २७१११ | सामाजिकसुरक्षा | | | | | २७५००००० | |
| २७११२ | अन्यसामाजिक सुरक्षा | | | | | ५००००० | |
| **२७२१०** | **सामाजिकसहायता** | | | | | **२७०००००** | |
| २७२११ | छात्रवृत्ति | | | | | १००००० | |
| २७२१२ | उद्धार, राहत तथा पुनर्स्थापना खर्च | | | | | २०००००० | |

गिरी नगरपालिका

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २७२१३ | औषधी खरिदखर्च | | | | | ५००००० | |
| २७२१९ | अन्यसामाजिक सहायता | | | | | १००००० | |
| २८१४० | **भाडा** | | | | **१२३७६६८.००** | **१३१६०००** | |
| २८१४२ | घर भाडा | | ४१६५०० | ५०००००.०० | ९१६५००.०० | १०००००० | |
| २८१४३ | सवारी साधनतथा मेशिनर औजार भाडा | | | | | १००००० | |
| २८१४९ | अन्य भाडा | | २२११६८ | १०००००.०० | ३२११६८.०० | २१६००० | |
| २८९१० | **भैपरी आउनेचालु खर्च** | | | | **१४०३८४७.००** | **२१२०५०००** | |
| २८९११ | भैपरी आउने चालु खर्च(समपुरक कोष समेत ) | | ८०३८४७ | ६००००० | १४०३८४७.०० | **२१२०५०००** | |
| | **चालु तर्फका कार्यक्रम खर्च** | | **१९७६०२४४** | **३७८१६०९६.७२** | **५५५७६३४०.९१** | **२१९६७६०००** | समानीकरण तथा सशर्त अनुदान |
| | **जम्मा चालुखर्च** | **१६९७३८००** | | | **१५७४६५०१८.७२** | **२८७१८६०००** | |
| **पुँजीगतखर्च संकेत तथा वर्गिकरण** | | | | | | | |
| **खर्चसंकेत** | **शीर्षक तथाउपशीर्षक** | **विनियोजितरकम** | | | | | |
| **३१११०** | **भवन तथासंरचना** | | | | | **१३०२२७००** | |
| ३१११२ | भवननिर्माण | | १२६५०८७७ | १०००००००.०० | २२६५०८७७.४९ | ५०००००० | |
| ३१११३ | निर्मितभवनको संरचनात्मक सुधार खर्च | | | | | २०७२७०० | |
| ३१११५ | फर्निचरतथा फिक्चर्स | | ३०९४६७ | २३०००००.०० | २६०९४६७.०० | ५९५०००० | |
| **३११२०** | **सवारी साधनतथा मेशिनरी औजार खरिद** | | | **०.००** | | **७४४३९००** | |
| ३११२१ | सवारी साधन | | ५८५३५७९ | ४०००००.०० | ६२५३५७९.०१ | ४०००००० | |
| ३११२२ | मेशिनरीतथा औजार | | २९७१९०.०० | ४६५८१९.९१ | ७६३००९.९१ | ३४४३९०० | |
| **३११३०** | **अन्यपूँजीगत खर्च** | | | | | **१५३८८०००** | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३११३१ | पशुधन तथाबागवानी विकास खर्च | | | | | १५०८८००० | |
| ३११३२ | कम्प्युटरसफ्टवेयर निर्माण तथा खरीद खर्च एवं अन्य बौद्धिक सम्पत्ति प्रप्ति | | | | | ३००००० | |
| **३११५०** | **सार्वजनिकनिर्माण** | | **३१३३५६८२** | **१६६६४३१७.८२** | **५०८०००००.००** | **४७५६३६००** | |
| ३११५१ | सडक तथापुल निर्माण | | | | | २७६००००० | |
| ३११५३ | विद्युतसंरचना निर्माण | | | | | २५०००० | |
| ३११५६ | खानेपानीसंरचना निर्माण | | | | | ३१६६६०० | |
| ३११५७ | वन तथावातावरण संरक्षण | | | | | ३२२५४०० | |
| ३११५८ | सरसफाईसंरचना निर्माण | | | | | ३५००००० | |
| ३११५९ | अन्यसार्वजनिक निर्माण(पर्यटन ) | | | | | ९८२१६०० | |
| **३११७०** | **पुँजीगतसुधार खर्च** | | | | | **१३००००००** | |
| ३११७१ | पुँजीगत सुधार खर्च सार्वजनिक निर्माण(सडक स्तरोन्नति) | | | | | ६०००००० | |
| ३११७२ | पुँजीगतअनुसन्धान तथा परामर्श | | | | | ७०००००० | |
| | सडक वोर्ड | | | | | ३०००००० | |
| | पर्यटन वोर्ड | | | | | १०००००० | |
| **३१५१०** | **भैपरी आउनेपुँजीगत** | | | | | **९६४८४००** | |
| ३१५११ | भैपरी आउने पुँजीगत(समपुरक कोष समेत ) | | | | | ९६४८४०० | |
| | **जम्मापुजीगत खर्च** | **५६२९९३९९.९९** | | | **१०२५५२०५५.१२** | **१०८२०००००** | **समानीकरण, सशर्त अनुदान, तथा आन्तरिक आय** |
| | **कुल जम्मा जम्मा** | **७३२७३१९९.८९** | | | **३१५०५९००८.८४** | **३९५३८६०००** | |

# अनुसूची ४
## वडास्तरीय कार्यक्रम

| | | |
|---|---|---|
| | वडा नं १ | |
| १ | पुम्पा ईम्वा ढुङ्गे सडक | ५०००००० |
| २ | औतारी गुम्बा रावु सडक | ६०००००० |
| ३ | पुम्पा यार्सा सिङ्बा थारखरी मेदाङ्गे ल्वासा सडक | ९०००००० |
| | जम्मा | २००००००० |
| १ | तेस्रेमा बिजुलीको सट्टा सोलार प्यानलको लागि | ५०००० |
| २ | मेदाङ्गेमा खानेपानीको मुहान सुधार | १००००० |
| ३ | थारखरी सिंबा खानेपानी मुहान सुधार | १५०००० |
| ४ | च्यायदुकेमा आर्यघाट निर्माण | १००००० |
| ५ | पुम्पा ईम्वा खानेपानी मुहान सुधार | १५०००० |
| ६ | ढुङ्गे झरिणी खानेपान मुहान सुधार | १००००० |
| ७ | रावु खानेपानी मुहान सुधार | १५०००० |
| | जम्मा | ८००००० |
| | | |
| | वडा नं २ | |
| १ | शिवालय श्यामा सडक स्तरोन्नती | १०००००० |
| २ | रावुभस्मे सडक स्तरोन्नती | १०००००० |
| | जम्मा | २०००००० |
| १ | प्राङ्गारिक कम्पोष्ट मल खाडल निर्माण | २००००० |
| २ | खानेपानी मुहान संरक्षण (गाईखर्क, रजम, पैरेटोल र श्यामा) | २००००० |
| ३ | खानेपानी ट्याङ्की निर्माण यलुङग | २००००० |
| ४ | धुँवा रहित चुलो निर्माण (छेमोदिङ वुकेनी टोल) | २००००० |
| | जम्मा | ८००००० |
| | | |
| | वडा नं ३ | |

| | | |
|---|---|---|
| १ | कमदावा लामा गाउँ तल्लो माली दोभान सडक स्तरोन्नती | १४००००० |
| २ | घुन्सा कार्तिके एकाम फेदी सडक स्तरोन्नती | ६०००००० |
| | जम्मा | २००००००० |
| १ | खानेपानी ट्याङ्की निर्माण (प्रगतिशिल र माली दोभान टोल) | १४५४०० |
| २ | सरसफाई कार्यक्रमको लागि डस्टविन खरिद | ७२७०० |
| ३ | खानेपानी ट्याङ्की मर्मत तथा सुधार | ७२७०० |
| ४ | ठूलो सिम खानेपानी मर्मत | ७२७०० |
| ५ | कर्से खोला खानेपानी ट्याङकी मर्मत | ७२७०० |
| ६ | कुथामे घुन्सा खानेपानी मर्मत | ७२७०० |
| ७ | बृक्षारोपण कार्यक्रम | ७२७०० |
| ८ | नागेश्वरी प्रा.वि भवन मर्मत | ७२७०० |
| ९ | घुन्सा फेदी खानेपानी मर्मत | ७२७०० |
| १० | सुन्दर टोल खानेपानी मर्मत | ७२७०० |
| | जम्मा | ७९९७०० |
| | वडा नं ४ | |
| १ | घैलेश्वरा कात्तीके सडक स्तरोन्नती | ८००००० |
| २ | जिरेश्वरी डल्लेमाने सडक | ६००००० |
| ३ | जिरी बसपार्क बोद्ले पटासे सडक | ६००००० |
| | जम्मा | २०००००० |
| १ | प्रतिक्षालय निर्माण योजना | १००००० |
| २ | काप्ती सडक स्तरोन्नती योजना | १००००० |
| ३ | वडा कार्यालय सडक स्तरोन्नती योजना | १००००० |
| ४ | वागखोर पारिपाङ सडक स्तरोन्नती योजना | २००००० |
| ५ | भन्ज्याङ डाँडा देउराली प्रा.वि पैदल मार्ग योजना | १००००० |
| ६ | खरपाका खानेपानी योजना | १००००० |
| ७ | झोलुङगे पुल भेटिश्वारा पैदल मार्ग योजना | १००००० |
| | जम्मा | ८००००० |
| | | |

| | | |
|---|---|---|
| वडा नं ५ | | |
| १ | आरनडाँडा दुधुले खावा सडकको स्तरोन्नती योजना | १३०००००० |
| २ | बोद्ले खोला कल्भर्ट पुल निर्माण योजना | ७०००००० |
| | जम्मा | २००००००० |
| १ | गोम्पालुङ खोला  पुल निर्माण | २०००००० |
| २ | नारेक खोला पुल निर्माण योजना | २०००००० |
| ३ | लिंकन बजारमा सडक बत्ती जोड्ने योजना | २०००००० |
| ४ | शान्ति मिलन टोलमा सडक तथा पुल निर्माण योजना | २०००००० |
| | जम्मा | ८०००००० |
| | | |
| वडा नं ६ | | |
| १ | हाटडाँडा चेप्टे पाटिटार सडक सतरोन्नती | ७०००००० |
| २ | बुलडाँडा वासा सडक स्तरोन्नती | ६५००००० |
| ३ | घुन्सा सडक स्तरोन्नती | ६५००००० |
| | जम्मा | २००००००० |
| १ | प्रतिक्षालय निर्माण (यार्सा) | २५००००० |
| २ | मनोरञ्जन पार्क हाटडाँडा | १०००००० |
| ३ | खानेपानी योजना (भण्डार) | २०००००० |
| ४ | खानेपानी योजना (पाल्ले) | २०००००० |
| ५ | देविथान गोम्फालुङ गोरेटोबाटो निर्माण | ५००००० |
| | जम्मा | ८०००००० |
| | | |
| वडा नं ७ | | |
| १ | वडा कार्यालय देखि हाटडाँडा सडक स्तरोन्नती योजना | ७०००००० |
| २ | तल्लो सिक्री हाटडाँडा सिंढि निर्माण | ५०००००० |
| ३ | वडा कार्यालय माथिल्लो आहाले भैसेलिम्वु सोर्दुम सडक | ८०००००० |
| | जम्मा | २००००००० |
| १ | खावा हनुमन्ते पर्यटकीय सडक निर्माण | १०००००० |

| | | |
|---|---|---|
| २ | वडा कार्यालय तल्लो सिक्री ग्रामिण सडक निर्माण | ५०००० |
| ३ | हिले नेपालने सोर्देम सडक निर्माण योजना | १००००० |
| ४ | आहाले बझयूस्थान सडक निर्माण योजना | ५०००० |
| ५ | यसाङगोठे चम्पुर सडक निर्माण योजना | ५०००० |
| ६ | विरली रचने सडक योजना निर्माण योजना | ५०००० |
| ७ | हिले धारापानी माडे ग्रा.स योजना निर्माण योजना | ५०००० |
| ८ | सुक्रे ग्रामिण सडक योजनानिर्माण योजना | ५०००० |
| ९ | आहाले भैसेलिम्बु खानेपानी निर्माण योजना | २००००० |
| १० | बजेनी घाट निर्माण | १००००० |
| | | ८००००० |
| | | |
| | वडा नं ८ | |
| १ | वजिनी थलारी गेल्पु तमाङ टोल सडक स्तरोन्नती | १५००००० |
| २ | सुइरे खरायो वन भकिम्ले सडक स्तरोन्नती | ५००००० |
| | जम्मा | २०००००० |
| १ | छरछरे निगाले डाँडाखर्क खानेपानी मर्मत | ७०००० |
| २ | टोल सरसफाई कार्यक्रम | ८०००० |
| ३ | चुलिभिर खानेपानी मर्मत योजना | ५०००० |
| ४ | छाँगामाथि नागि खानेपानी योजना | ५०००० |
| ५ | सल्लेनी टोल लहरेमाने खानेपानी योजना | ५०००० |
| ६ | फेदीटोल पारीटोल माझटोल खानेपानी योजना | ५०००० |
| ७ | सरसफाई र बृक्षारोपण कार्यक्रम | ५०००० |
| ८ | सिमपानी भालुखोक देखि थलारी धनमाले खानेपानी योजना | १००००० |
| ९ | लोसा फुल्पीङ खानेपानी योजना | ५०००० |
| १० | भकिम्ले गहिरो मुहान खानेपानी योजना | ५०००० |
| ११ | बजेनि खानेपानी तथा सरसफाई योजना | १५०००० |
| १२ | पुरानो गाउँ टोल सरसफाई | ५०००० |
| | | ८००००० |

सिक्री नगरपालिका

| | | |
|---|---|---|
| | | |
| | वडा नं ९ | |
| १ | लहरेमाने लिसे ठूलोपातल डाँडाखर्क सडक स्तरोन्नती योजना | १०००००० |
| २ | लहरेमाने चिपचिपे झिसेपु सडक स्तरोन्नती योजना | १०००००० |
| | जम्मा | २०००००० |
| १ | लेकखर्क डाँडाखर्क सडक स्तरोन्नती योजना | १५०००० |
| २ | खोल्मे उर्लेनी सिंडी निर्माण योजना | १५०००० |
| ३ | झिसेपु र गौथले टोल खानेपानी मुहान सुधार योजना | १००००० |
| ४ | जोर लाकुरी भुसुने लिसे सडक खण्ड अन्तर्गत जिम्वाटोल सडक स्तरोन्नती | १००००० |
| ५ | विजुली वजार ठूलोपातल मा.वि पाटिखोला सडक स्तरोन्नती योजना | १००००० |
| ६ | लिसे लोप्चनटोल खानेपानी मुहान संरक्षण योजना | १००००० |
| ७ | खानेपानी भण्डार गर्न प्लास्टिक ट्याङ्की खरिद योजना | १००००० |
| | जम्मा | ८००००० |

जिरी नगरपालिका

| वडाका पुर्वाधार विकास अन्तर्गतका योजनाहरु | | | |
|---|---|---|---|
| क्र.स | वडा नं | योजनाको नाम | रकम |
| १ | १ | वडा कार्यालय निर्माण योजना | १०५०००० |
| २ | २ | ओख्रे शैलुङ सडक निर्माण | १०५०००० |
| ३ | ३ | वडा कार्यालय खानेपानी, फेन्सिङ तथा शौचालय मर्मत | १०५०००० |
| ४ | ४ | रात्माटे फुजिङ्ग सडक स्तरोन्नति योजना | ११५०००० |
| | | आरनडाँडा नारेक सडक स्तरोन्नती योजना | १५०००० |
| | | आरनडाँडा लोसा सडक स्तरोन्नती योजना | ३००००० |
| | | गोकुलेश्वर खोला ग्यावियन तथा कजवे निर्माण | २००००० |
| | | चाकेटोल खानेपानी योजना | १००००० |
| | | सेती देवी मन्दिर मर्मत योजना | ५०००० |
| | | ढुङ्गेश्वरी महादेव मन्दिर मर्मत योजना | ५०००० |
| | | वज्रगुरु स्लाव पुल निर्माण | १००००० |
| ५ | ५ | डोङाङ टोल खानेपानी | १००००० |
| | | हाटडाँडा रेञ्जे सडक निर्माण | २५०००० |
| | | जेम्स एकेडेमी देखि चेप्टे सडक निर्माण | २५०००० |
| | | वल्लो टासिता पल्लो टासिता सडक निर्माण | २५०००० |
| ६ | ६ | तल्लो कोट खानेपानी योजना | ३००००० |
| ७ | ७ | ठिम्वासे वडा कार्यालय सडक स्तरोन्नती | १०५०००० |
| ८ | ८ | निगाले राम्वोले तल्लो ज्योफा सडक स्तरोन्नती | १५००००० |
| ९ | ९ | कमेरे खोल्मे वडा कार्यालय सम्म जाने सडक स्तरोन्नती योजना | १०५०००० |
| | | जम्मा | १००००००० |

## अनुसूची ५

## वडा तथा नगरस्तरीय कार्यक्रमहरुको क्षेत्रगत बजेट बाँडफाँड

**आर्थिक विकास अन्तर्गतका कार्यक्रम तथा योजनाहरु र विनियोजित रकम**

| (क) | कृषि तर्फका आ.व २०७४/०७५ देखिका कार्यक्रम क्रमागत रुपमा | वजेट रकम |
|---|---|---|
| **१** | **बाली संरक्षण आयोजना** | |
| १.१ | मौरी घार गोला वितरण ५०% अनुदान | ४००००० |
| १.२ | मौरी पालन विषयक कृषक तालिम | १५०००० |
| १.३ | मौरी घार ढुवानी | ३०००० |
| | **जम्मा** | **५८००००** |
| **२** | **अर्गानिक तरकारी विकास आयोजना** | |
| २.१ | आईरन टनेल प्रवर्धन ५०% अनुदान | ४००००० |
| २.२ | युवा लक्षित व्यावसायिक अर्गानिक तरकारी खेतिमा ५०% अनुदान | ४००००० |
| | **जम्मा** | **८०००००** |
| **३** | **कृषि यान्त्रिकरण विकास आयोजना** | |
| ३.१ | नगरस्तरीय कृषि यान्त्रिकरण विषयगत तालिम | **१५००००** |
| **४** | **प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना** | |
| ४.१ | किवी बगैंचामा ट्रेलिस निर्माण ५०% अनुदानमा | **३००००००** |
| | **जम्मा (२०७४/०७५ मा स्विकृत कृषि कार्यक्रमका लागि)** | **४५३००००** |
| **(ख)** | **कृषि तर्फका आ.व २०७५/०७६ देखिका कार्यक्रम क्रमागत रुपमा** | |
| **१** | **अर्गानिक आलु बिकास आयोजना** | |
| १.१ | १००% अनुदानमा आलु उन्नत बिउ उत्पादनको लागि PBS वितरण | ४५००० |
| १.२ | गुणस्तरीय बिउ आलु उत्पादन कार्यक्रम (बिउमा ७५% अनुदान) | ३६०००० |
| १.३ | राष्टिक स्टोर निर्माण (वडा नं. ७) | १०००००० |
| १.४ | बिउ आलु ढुवानी | ६०००० |
| १.५ | घुम्ती तालिम | ५०००० |

| | | |
|---|---|---|
| | जम्मा | **१५१५०००** |
| **२** | **अर्गानिक किवी बिकास आयोजना** | |
| २.१ | किवी ब्यबसायिक बगैंचा स्थापनामा ५०% अनुदान | ७२००० |
| २.२ | किवी बगैंचामा ट्रेलिस निर्माणमा ५०% अनुदान | २५५०००० |
| २.३ | नगर स्तरीय अर्गानिक किवी खेति सम्बन्धि तालिम | १५०००० |
| २.४ | किवी खेति सम्बन्धि घुम्ती तालिम | ५०००० |
| २.५ | सिकेचर ५०% अनुदानमा वितरण | १५००० |
| २.६ | बिरुवा ढुवानी कार्यक्रम | १५००० |
| | जम्मा | **२८५२०००** |
| **३** | **अर्गानिक तरकारी बिकास आयोजना** | |
| ३.१ | टनेलमा अर्गानिक तरकारी खेतीको लागी ५०% अनुदानमा सिल्पौलिन वितरण | ३७५००० |
| ३.२ | नगर स्तरीय अर्गानिक खेति सम्बन्धि क्षमता अभिबृद्धी तालिम | २००००० |
| | जम्मा | **५७५०००** |
| **४.** | **अर्गानिक ट्राउट माछा प्रबर्द्धन आयोजना** | |
| ४.१ | ट्राउट माछा भुरा वितरणमा ५०% अनुदान | ६०००० |
| ४.२ | ट्राउट माछा भुरा ढुवानी | २५००० |
| | जम्मा | **८५०००** |
| ५. | फलफूलको क्षेत्र बिस्तार कार्यक्रम | |
| ५.१ | हिंउदे फलफूलको बिरुवा (आरु,आरुबखडा, दाँते ओखर, नासपाती आदि) ९०% अनुदानमा वितरण | ४५००० |
| ५.२ | कागतीको बिरुवा ९०% अनुदानमा वितरण | १८००० |
| ५.३ | बिरुवा ढुवानी कार्यक्रम | ५०००० |
| | जम्मा | **११३०००** |
| **६** | **कृषि यान्त्रिकरण तथा औजार उपकरण आयोजना** | |
| ६.१ | ५०% अनुदानमा मिनिटिलर वितरण | ४००००० |
| ६.२ | कार्यालयको लागि औजार उपकरण खरिद (अल्टिमिटर-१, सिकेचर-५, ग्राफ्टिंग नाईफ-३, पुर्निंग-स-३, डिजिटल स्वाइल पि.एच. मिटर,-१) | ७५००० |
| ६.३ | ढुवानी कार्यक्रम | ५०००० |
| ६.४ | लोड सल्ला प्रबर्द्धन | १५०००० |

| | | |
|---|---|---|
| ६.५ | कार्यक्रम अनुगमन निरिक्षण | ११२००० |
| ६.६ | कार्यक्रम संचालन खर्च (दैनिक भ्रमण भत्ता) | १००००० |
| | जम्मा | **८८७०००** |
| **(ग)** | **पर्यटन बिकास तर्फ आ.व २०७५/०७६ कार्यक्रम क्रमागत रुपमा** | |
| १ | मानेडाडा पार्क | २०००००० |
| २ | स्टोन पार्क, टोनीहेगन पार्क र बुद्ध पार्क (गुरुयोजना) | १५००००० |
| ३ | पांच पोखरी जटा पोखरी गोरेटोबाटो (गुरुयोजना) | ३००००० |
| ४ | हिमालयन मण्डली भवन पार्क | ३००००० |
| ५ | पिकनिक पार्क (कुथामेडाडा, खावाडाडा) | ८००००० |
| ६ | एडमण्ड हिलारीको सम्झनासंग जोडिएको संरचना संरक्षण | १०००००० |
| ७ | कुने - फुजिंग प्रा.बि. - सेतीदेबी पदमार्ग निर्माण | ५००००० |
| | जम्मा | **६४०००००** |
| **(घ)** | **पशु बिकास तथा पशु स्वास्थ्य तर्फ आ.व २०७४/०७५ तर्फका कार्यक्रम क्रमागत रुपमा** | |
| १ | स्थानीय कुखुरा विकास फार्म स्थापना | १९५०००० |
| २ | व्यवसायिक बाख्रा फार्म स्थापना | २२००००० |
| ३ | उन्नत वोका वितरण | १५०००० |
| ४ | बंगुरको पाठा पाठी वितरण प्रत्येक वडामा ५,५ वटाका दरले | १८०००० |
| ५ | पशु वधशाला स्थापना | ५००००० |
| | जम्मा (२०७४/०७५ मा स्विकृत पशु विकास कार्यक्रमका लागि) | **४९८००००** |
| **(ङ)** | **पशु बिकास तथा पशु स्वास्थ्य तर्फ आ.व २०७५/०७६ तर्फका कार्यक्रम क्रमागत रुपमा** | |
| **१** | **चौंरी पालन कार्यक्रम** | |
| १.१ | चौंरीलाइ दानामा ७५% अनुदान | ४००००० |
| १.२ | दाना पिस्ने मेशिन खरिद १००% अनुदान | ८०००० |
| १.३ | चौंरी गोठमा सोलार प्यानल १००% अनुदान | २२०००० |
| | जम्मा | **७०००००** |
| **२** | **कालिज प्रबर्द्धन कार्यक्रम** | |

| | | |
|---|---|---|
| २.१ | कृषि पर्यटनमा आधारित कालिज फर्म स्थापना (जिरी न.पा. ३ र ९) | ४०००००० |
| **३** | **ब्यबसायिक बाख्रा पालन फर्म स्थापना** | ९०००००० |
| **४** | **ब्यबसायिक स्थानीय कुखुरा पालन फर्म ब्यबस्थापन** | ९०००००० |
| **५** | **ब्यबसायिक बंगुर पालन फर्म स्थापना (जिरी न.पा. ९)** | २०००००० |
| **६** | **औषधि, चिस्यान बक्स, ए.आइ.को सामाग्री र सर्जिकल सामाग्री खरिद** | ५०००००० |
| **७** | **बहुबर्षीय घाँसको बिउ तथा बिरुवा वितरण** | ५०००० |
| ७.१ | ढुवानी कार्यक्रम | ५३००० |
| | जम्मा | **१०३०००** |
| ८ | पशु पन्छी पालन तथा पशु आहारा सम्बन्धि तालिम | २०००००० |
| ९ | कार्यक्रम अनुगमन निरिक्षण | १०००००० |
| १० | कार्यक्रम संचालन खर्च (दैनिक भ्रमण भत्ता) | १०००००० |
| | | |
| | जम्मा | |
| **(च)** | **सहकारी प्रबर्द्धन तर्फ आ.व २०७५/०७६ कार्यक्रम क्रमागत रुपमा** | |
| १ | सहकारी खेती (अदुवा, बेसार, अकबरे आदि) (जिरी न.पा. ८) | ७०००००० |
| २ | सहकारी सुदृढिकारण | २०००००० |
| ३ | सहकारी अन्तरक्रिया गोष्ठी | ७०००० |
| | जम्मा | **९७००००** |
| **(छ)** | आर्थिक बिकास सम्बन्धि अन्य कार्यक्रम आ.व २०७५/०७६ क्रमागत रुपमा | |
| १ | महिला, दलित, बिपन्नवर्गको आय आर्जनको लागि मागमा आधारित कार्यक्रम | ७०००००० |
| | जम्मा | |
| **(ज)** | आर्थिक बिकास तथा नगर कृषि बिकास समितिको बैठक संचालन | २५०००० |
| **(झ)** | मोटरसाइकलको लागि ईन्धन | ५०००० |
| | जम्मा | |
| | कुल जम्मा | २८०१०००० |

| सामाजिक विकासकालागि विनियोजित रकम (स्वास्थ्य र अन्य क्षेत्र) | | |
|---|---|---|
| **क्र. स.** | **योजनाको नाम** | **विनियोजित रकम** |
| १ | धार्मिक मठमन्दिर, गुम्बा, चर्चको भौतिक संरचना सुधार | १५०००० |
| २ | गरिब तथा बेराजगार तथ्याङ्क सङ्कलन | ५००००० |
| ३ | पञ्जिकरण तथा सामाजिक सुरक्षालाई अनलाईनमा आवद्ध गर्न | ५००००० |
| ४ | एकल महिला, दलित, जनजाति, बालबालिका, ज्येष्ठ नागरिक सशक्तिकरण एवं सामाजिक संरक्षण | १०००००० |
| ५ | स्वास्थ्य सेवा सुधार | १०००००० |
| ६ | महिला विकास कार्यक्रम | ५००००० |
| ७ | सीप विकास तथा सशक्तिकरणका कार्यक्रम (कुक तथा वेइटर तालिम,  नायब सुब्बाको लोकसेवा तयारी कक्षा लगायतका कार्यक्रम) | १०००००० |
| ८ | शिक्षक सेवा आयोग तयारी कक्षा संचालन | १७०००० |
| | जम्मा | ६१७०००० |
| | | |
| **सामाजिक विकास (शिक्षा, युवा तथा खेलकुद)** | | |
| | **शिक्षा** | |
| १ | आधारभुत शिक्षा उत्तीर्ण परीक्षा सञ्चालन | ७५००० |
| २ | शिक्षा दिवशको आयोजना | ६०००० |
| ३ | ल्यापटप खरिद १ थान | ८०००० |
| ४ | तथ्यांक अभिलेखन, प्रशोधन तथा विश्लेषण | १०००० |
| ५ | विद्यालय व्यवस्थापन समिति र वडा शिक्षा समितिका पदाधिकारीहरुको क्षमता विकास | १५०००० |
| ६ | विषयगत शिक्षकहरुको अन्तर्क्रियात्मक कार्यशाला | ३००००० |
| ७ | माध्यमिक विद्याललयस्तरीय हाजिरी जवाफ प्रतियोगिता | ७०००० |
| ८ | आधारभुत तह कक्षा (कक्षा–६ देखी ८) स्तरीय नृत्य प्रतियोगिता | ६०००० |
| ९ | MGML का लागि स्टेशनरी तथा शैक्षणिक सामाग्री सहयोग | १००००० |
| १० | शैक्षिक कार्यपात्रो निर्माण | ३०००० |
| ११ | बिद्यालय निरीक्षण | १००००० |
| १२ | PURPLE TURTLE EDUCATION SYSTEM | ३००००० |

| | | |
|---|---|---|
| १३ | सामूहिक अनुगमन | ५०००० |
| | | १३८५००० |
| | **युवा तथा खेलकुद** | |
| १ | मेयर कप | ३५०००० |
| २ | खुला महिला भलिबल प्रतियोगिता | १६५००० |
| ३ | ब्याडमिन्टन(एकल/युगल) | ८०००० |
| ५ | नगरस्तरीय फुटबल प्रतियोगिता | १३५००० |
| ६ | खेलकुद प्रवर्द्धन एवं सहभागिताका लागि सहयोग | २००००० |
| ७ | तेक्वान्डो डोजाङ्ग सञ्चालन खर्च | १००००० |
| ९ | फुटबल(प्रशिक्षक वस्ने खाने) | ४०००० |
| | | १०७०००० |
| | **वातावरण तथा विपद् व्यवस्थापनका लागि विनियोजित रकम** | |
| १ | फोहर संकलनकालागि ट्याक्टर खरिद | ३०००००० |
| २ | फोहर संकलन केन्द्र निर्माण | ३५००००० |
| ३ | दमकल संचालन खर्च | २००००० |
| ४ | टोलका मागमा आधारित कार्यक्रम (Clean Jiri, Green Jiri र Organic Jiri लाई प्रवर्धन गर्ने) | २५००००० |
| ५ | Clean Jiri, Green Jiri र Organic Jiri लाई प्रवर्धन गर्ने उत्कृष्ट टोललाई पुरस्कार | ६००००० |
| ६ | होडिङ्ग बोर्ड निमार्ण (५ वटा) | २००००० |
| ७ | क्षमता अभिबृद्धि कार्यक्रम (तालिम, गोष्ठी, जनचेतना अभियान ) (विद्यालय, टोल विकास समिति तथा अन्य सरोकारवाला) | ५००००० |
| ८ | फोहर संकलनकालागि विन खरिद | १००००० |
| ९ | शौचालय निमार्ण (राम्बोले) | ५००००० |
| १० | ठूलो नागी पोखरी निमार्ण | ५००००० |
| ११ | बृक्षारोपण नर्सरी व्यवस्थापन तथा विरुवा खरिद | ३००००० |
| | जम्मा | ११९००००० |

जिरी नगरपालिका

| वित्तिय व्यवस्थापन तथा सुशासनतर्फ विनियोजित रकम | | |
|---|---|---|
| **क्र.स.** | **कार्यक्रमहरु** | **कुल वजेट** |
| १ | सेवा परामर्श (लेखा प्रणाली सुधारकालागि) | १५०००० |
| २ | समिक्षा | ३००००० |
| ३ | वेरुजू (सम्परिक्षण तथा अभिलेख व्यवस्थापन) | १५०००० |
| ४ | सार्वजनिक सुनुवाई | १००००० |
| ५ | आन्तरिक लेखा परिक्षण | ३००००० |
| | जम्मा वजेट | **१००००००** |

| पुर्वाधार विकासकालागि विनियोजित रकम | | |
|---|---|---|
| **क्र.स.** | **योजनाको विवरण** | |
| १ | सडक तथा पुल | ३७६००००० |
| २ | खानेपानी | ४८०१९०० |
| ३ | भवन तथा संरचना | १३०२२७०० |
| ४ | उर्जा | २५०००० |
| ५ | पुँजिगत पुर्वाधारको DPR तथा गुरुयोजना तयारी | ७०००००० |
| ६ | वौद्ध स्तुपा तथा अन्य पुर्वाधार निर्माण | ५०००००० |
| ७ | पुँजिगत विकासका लागि समपुरक कोष | ५०००००० |
| | **जम्मा** | ७२६७४६०० |

| संस्थागत विकास तथा सेवा प्रवाहमा विनियोजित रकम | | |
|---|---|---|
| क्र.स | विवरण | कुल वजेट |
| १ | शसर्त अनुदान (संघ) | १३९०००००० |
| २ | शसर्त अनुदान (प्रदेश) | २३४५५००० |
| ३ | प्रशासनिक खर्च | ६६७४८००० |
| ४ | चालु प्रकृतिका अन्य खर्च | ४३९७३४०० |
| | जम्मा | २७३१७६४०० |